# बैठक संख्याः- २७

आज मिति २०७९ साल चैत्र ३० गते बिहिबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं. ~~वडा अध्यक्ष~~ का.वा. | श्री ~~राहुल कुमार शर्मा~~ केशव कु. पौडेल | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |



CamScanner

**निर्णय नं. १** प्रदेश समपूरक कोषको लागि गोकुलजोशी मार्ग निर्माण सम्बन्धि योजनालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २** विर्तामोड नगरपालिकाको हाल रहेको प्रशासकीय भवन नपुग भएकोले शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभागबाट स्थानीय तह प्रशासकीय भवन अन्तर्गत पूर्वाधार बिकास कार्यक्रम संचालन कार्यविधि २०७९ बमोजिम व्यहोर्नु पर्ने साझेदारि लागत अनुमानको ५० प्रतिशत नगरपालिकाबाट व्यहोर्ने गरी नयाँ भवन निर्माण गर्न स्थानीय पूर्वाधार विभागमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** CTEVT प्राविधिक शिक्षालय संचालन गर्न निम्न निर्णय गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निम्न**

**क. प्राविधिक शिक्षालयको आवश्यकता सम्बन्धमाः**

झापा जिल्लाको पूर्वी क्षेत्र तथा इलाम,पाँचथर,ताप्लेजुङ र तेह्रथुम जिल्लाका विद्यार्थीहरुलाई समेत मध्यनजर गरी रोजगारीका अवसरहरु सृजना गर्न यो बिर्तामोड नगरपालिकामा प्राविधिक शिक्षालय स्थापना गर्न विर्तामोड नगरपालिका, यस क्षेत्रबाट निर्वाचित सम्माननीय सभामुख,माननीय प्रतिनिधि सभाका सदस्यज्यूहरु, प्रदेश सभाका सदस्यज्यूहरु समेतको संयुक्त सहभागितामा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**ख. प्राविधिक शिक्षालय संचालनका लागि आवश्यक जग्गा उपलब्ध गराउने सम्बन्धमा**

विर्तामोड नगरपालिका भित्र प्रस्तावित प्राविधिक शिक्षालय संचालनका लागि कम्तिमा ५ विगाहा जग्गा आवश्यक रहेको हुनाले यो नगरपालिकाको मातहतमा रहेको विर्तामोड नगरपालिका वडा नं ७ को श्री लक्ष्मी आधारभूत विद्यालयको नाममा दर्ता रहेको पुर्वमा प्रशान्त उप्रेती, पश्चिममा बाटो र लिला तिम्सिना, उत्तरमा सन्तोष रोक्का र दक्षिणमा बाटो र लिला तिम्सिना रहेको चारकिल्ला भित्र.पर्ने कि.नं.६४ र ६५ को ३-१९-१० क्षेत्रफल जग्गा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) लाई ३० वर्षका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**ग. प्राविधिक शिक्षालयको नामाकरण सम्बन्धमा**

बिर्तामोड नगरपालिका वडा नं ७ मा संचालन हुने प्राविधिक शिक्षालयको नाम बिर्तामोड बहुप्राविधिक शिक्षालय राख्ने निर्णय गरियो ।

**घ.CTEVT संग आंगिक शिक्षालय माग गर्न सम्बन्धमा**

CamScanner

बिर्तामोड नगरपालिका वडा नं ७ मा प्राविधिक शिक्षालय संचालन गर्नका लागि आवश्यक जग्गा उपलब्ध गराउने नगरपालिकाको निर्णय भइसकेको र त्यो प्रकृयागत रुपमा अगाडी बढिसकेको हुनाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्(CTEVT) लाई आंगिक शिक्षालय स्थापना र संचालनका लागि माग गर्ने निर्णय गरियो ।

**ङ.प्राविधिक शिक्षालयको जग्गा स्वीकृतीका लागि भूमि सुधार मन्त्रालयमा प्रमुख जिल्ला अधिकारी मार्फत निर्णय गरी पठाउने सम्बन्धमा**

बिर्तामोड नगरपालिका वडा नं ७ मा स्थापना गरी संचालन हुने बहुप्राविधिक शिक्षालय लाई बिर्तामोड नगरपालिकाले उपलब्ध गराउने श्री लक्ष्मी आधारभूत विद्यालयको नाममा दर्ता रहेको साविक गरामनी २ को कि.नं. ६४ र ६५ को ज.वि. ३-१९-१० क्षेत्रफल भएको जग्गा ३० वर्षका लागि निशुल्क रुपमा उपलब्ध गराउने अन्तिम निर्णय मन्त्रिपरिषद्ले गर्नुपर्ने भएकाले प्रमुख जिल्ला अधिकारी मार्फत निर्णय गरि भुमि सुधार मन्त्रालयमा पठाउने निर्णय गरियो । यसका लागि बिर्तामोड नगरपालिकाको निर्णय प्रतिलिपि सहित जिल्ला प्रशासन कार्यालय झापामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४** बिर्तामोड नगर अस्पतामा रहेको पुरानो भवन भएको ठाँउमा नयाँ भवनको निर्माण गर्नुपर्ने भएकोले हाल रहेको पुरानो भवनलाई नियमानुसार लिलाम बिक्रि गर्ने र सो जग्गा खाली गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** राजश्व परिचालनलाई व्यवस्थित वनाउन सम्बन्धित वडाका वडाअध्यक्ष वा नीजले तोकेको वडा सदस्यको संयोजकत्वमा र वडा कार्यालय तथा नगरपालिकाका कर्मचारीहरु समेतको संलग्नतामा मिति २०८०।०१।०५ गते बाट घुम्ति सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** सरकारी र किसानहरुको प्रत्यक्ष संलग्नतामा सामुहिक रुपमा निर्माण भएका कोल्डस्टोरको घरनक्सा पास गर्दा लाग्ने दस्तुर मिनाहा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** बिर्तामोड नगरपालिका अन्तर्गत बिर्तामोड नगर अस्पतालमा रेविज विरुद्धको भ्याक्सिन सञ्चालनका लागि स्वास्थ्य सेवा विभाग Epidemilogy तथा रोग नियन्त्रण महाशाखासँग भ्याक्सिन माग गर्नका लागि बिर्तामोड नगर अस्पताल स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९।१२।०८ को निर्णय अनुसार बिर्तामोड नगरपालिका कार्यपालिकाको बैठकमा सिफारिस गर्ने निर्णय भएकोमा यस नगरपालिका कार्यपालिकाको बैठकबाट उक्त रेविज विरुद्धको भ्याक्सिन स्वास्थ्य सेवा विभाग Epidemilogy तथा रोग नियन्त्रण महाशाखासंग भ्याक्सिन माग गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ८** वालविकास केन्द्रका वालवालिकाहरुलाई सहजीकरणमा सहजता ल्याउन आ.व २०८०/८१ को वजेटमा व्यवस्था गरी यस नगरपालिका अन्तर्गत यस अघि वालविकास केन्द्र नभएका देहायका विद्यालय र स्थानमा निम्न वमोजिम वालविकास शिक्षक कोटा उपलब्ध गराई कक्षा सञ्चालन गराउने निर्णय गरियो ।

**देहायः**

१। श्री मदरसा तालिमूल कुरान वि.न.पा. ३- १ कोटा

२। नगर गौरभ भिलेज नयाँ बस्ती वि.न.पा. ७- १ कोटा

**निर्णय नं. ९** हरेक बर्षको बैशाख ०३ गते नियमित रुपमा सिरुवा पर्वको स्थानीय विदा दिने निर्णय गरियो ।

**निर्णय नं. १०** बिर्तामोड नगरपालिका अन्तर्गत बिर्तामोड नगर अस्पताल स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९।०९।०१ गते बसेको बैठकको निर्णय अनुसार बिर्तामोड नगर अस्पतालमा कार्यरत MDGP (विशेषज्ञ चिकित्सक) र MO( मेडिकल अधिकृत) को सेवा सुविधा अन्तर्गत MDGP डा. सुनिल अधिकारीको (नवौं तह) तलव भत्ता अन्तर्गत नवौं तहको सुरु तलव स्केल र भत्ता शत प्रतिशत उपलब्ध गराउन तथा मेडिकल अधिकृतहरु डा. फरहान सिद्धिकीको (आठौं तह), डा. नरवहादुर अधिकारी(आठौं तह) र डा. आयाम भट्टराई (आठौं तह) को हकमा आठौं तहको सुरु तलव स्केल र २५ प्रतिशत भत्ता उपलब्ध गराउन बिर्तामोड नगरपालिकाको कार्यपालिकाको बैठकमा सिफारिस गर्ने निर्णय भएकोमा आजको बैठकको निर्णय अनुसार MDGP को नवौं तहको सुरु स्केल सहित शत प्रतिशत भत्ता र ३ जना MO हरुको आठौं तहको सुरु तलव स्केल र २५ प्रतिशत भत्ता मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११** बिर्तामोड नगरपालिका अन्तर्गत बिर्तामोड नगर अस्पताल स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९।११।१६ गते बसेको बैठकको निर्णय अनुसार बिर्तामोड नगर अस्पतालमा कार्यरत MDGP डा. सुनिल अधिकारीको आवासको व्यवस्थापन अन्तर्गत मासिक रुपमा आवास भाडा रु २५०००।- (पच्चीस हजार) र MO डा. फरहान सिद्धिकी, डा. नरवहादुर अधिकारी र डा. आयाम भट्टराईको आवासको व्यवस्थापन अन्तर्गत मासिक रुपमा आवास भाडा जनही रु १५०००।-(पन्द्र हजार) नगद उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

## निर्णय नं.१२(विविध)

क. यस नगरपालिका क्षेत्रका पुराना घरहरुको घर नक्सा अभिलेखिकरण गर्ने कार्य मिति २०७९ चैत्र मसान्त सम्म भएता पनि पुनः २०८० बैशाख मसान्त सम्म १ महिनाको समयावधि थप गर्ने निर्णय गरियो ।

ख. कार्यपालिकाको मिति २०७९।०९।२५ गतेको बैठकको निर्णय नं १३ मा भएको निर्णयलाई खारेज गरी देहाय अनुसार गर्ने निर्णय गरियो ।

बिर्तामोड घैलाडुब्बा सडक मापदण्ड केन्द्र भागबाट दुवै तर्फ ९/९ मिटर (६० फिट) रहेकोमा बिर्तावजार चोकबाट अदुवाखोला सम्मको क्षेत्रमा दुवै तर्फ भवन निर्माण भईसकेको हुनाले बिर्तावजार चोकदेखि अदुवा खोला सम्म सडक केन्द्रबाट ६/६ मिटर (४० फिट) दाँया वाँया Right of Way कायम गर्ने र यातायात कार्यालय दक्षिण डोमालाल रंगशाला जाने सडकको समेत मापदण्ड केन्द्र भागबाट ६/६ मिटर गरि जम्मा १२ मिटर कायम गर्ने निर्णय गरियो ।

ग. बिर्तामोड नगरपालिकाको नगर शिक्षा समितिबाट मिति २०७९।१२।१६ मा निर्णय भई आएका देहायका विद्यालयहरुलाई बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा २० बमोजिम आगामी शैक्षिक सत्र २०८० देखि कक्षा संचालन गर्ने गरी कक्षा थप, बिषय थप, स्थान परिवर्तन र नाम परिवर्तन गर्ने निर्णय गरियो ।

| क.स | विद्यालयको नाम | अनुमति प्राप्त कक्षा | माग विवरण | थप गरेको कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनारमनी लिवर्टी स्कूल विर्तामोड– ५ | १-११ | कक्षा थप | १२ | कक्षा थपको अनुमति |
| २ | एसेन्ट एकाडेमी विनपा २ | १-११ | कक्षा थप | १२ | कक्षा थपको अनुमति |
| ३ | अवाकस इ.बो स्कूल विनपा ४ | १-११ | कक्षा थप | १२ | कक्षा थपको अनुमति |
| ४ | लिटल फ्लावर्स इ. स्कुल विनपा- ४ | १-१२ | विषय थप | १२ | विज्ञान र व्यवस्थापन विषय थपको अनुमति |
| ५ | बिर्ता एजुकेशन फाउन्डेशन विनपा ५ | कक्षा १-२ | कक्षा थप | ३ | |
| ६ | गोमेन्द्र विर्तामोडल मावि विनपा- ४ | १-१२ | विषय थप | ११ | कक्षा ११ मा व्यवस्थापन (होटल मेनेजमेन्ट र ट्राभल्स् एण्ड टुरिजम विषय थपको अनुमति |
| ७ | प्रिमियर लालीगुराँस इ स्कूल बिनपा .बो. | १-४ | स्थान परिपर्तन र नाम परिवर्तन | - | साविक प्रिमियर लालीगुराँस ई.वोर्डिङस्कूल . वि.न.पा.१ बाट बिनपा ६ मा स्थानान्तरण गरी विद्यालयको नाम बेष्ट फ्यूचर स्कूल झापा प्रालिमा परिवर्तन गर्ने । |
| ८ | बालज्योति एकेडेमी इङ्लिस बोर्डिङ स्कूल विनपा ५ | १-१० | स्थान परिपर्तन र नाम परिवर्तन | | साविक बालज्योति एकेडेमी इङ्लिस बोर्डिङ स्कूल विनपा ५ बाट बिनपा ६ मा स्थानान्तरण गरी विद्यालयको नाम तक्षशिला प्रोग्रेशिभ इङलिस स्कूलमा परिवर्तन गर्ने । |
| ९ | सहारा साकोस शिक्षासदन विर्तामोड- २ | कक्षा– १-५ | कक्षा थप | ६ | कक्षा थपको अनुमति (शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको अन्तिम अभिलेखिकरणको समय सम्ममा तोकिएको पूर्वाधार तथा विद्यार्थी संख्या पुर्याउने शर्तमा ) |

CamScanner

**घ.** बिर्तामोड नगरपालिकाको नगर शिक्षा समितिबाट मिति २०७९।१२।१६ मा निर्णय भई आएका देहायका विद्यालयहको कक्षा थपविषय थप गर्न/ मापदण्ड नपुग्ने देखिएकोले आगामी शैक्षिक सत्र २०८० मा कक्षा थप विषय थप /नगर्ने निर्णय गरियो।

| क्र.स | विद्यालयको नाम | अनुमति प्राप्त कक्षा | माग गरेको कक्षा | तल्लो कक्षाको बिद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ब्लुवेल एकाडेमी विर्तामोड– ५ | कक्षा– १-६ | ७ | ४ जना | न्यून विद्यार्थी |
| २ | तक्षशिला एजुकेशन फाउन्डेशन बिनपा ६ | कक्षा १-८ | ९ | ७ | न्यून विद्यार्थीतह अनुमति दिन विद्यार्थी नपुग्ने , |
| ३ | नवोदय फनमिन बोर्डिङ स्कूल बिनपा ३ | कक्षा १-११ | ११ विज्ञान विषय थप | - | २ वर्ष अघि नै कक्षा ११ अनुमति पाइ हाल सम्म कक्षा सञ्चालन नभएकोले कक्षा सञ्चालन नै नभइ विषय थप गर्न नसकिने |
| ४ | शहीदलक्ष्मी प्रावि बिनपा ९ | कक्षा १-५ | ६ | १९ | कक्षा ६-८ का लागि भौतिक संरचना थप गर्नुपर्ने, विषयगत शिक्षक थप र विद्यार्थी संख्या कम |

CamScanner